नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# भूमि प्रशासन कार्यालय,अर्घाखाँची

e-mail.- malpotarghakhanchi@gmail.com

प.सं. :- ०८३।८४
च.नं.:- ४२९

मिति : २०८३।०५।३०

## *विषय : हालसाविक गर्ने सम्बन्धी सूचना ।*

यस अर्घाखाँची जिल्ला अन्तर्गत शितगंगा नगरपालिका वडा नं १२ साविक ठाडा ५ गा.वि.स. को विशेष नापी कार्यालय, अर्घाखाँचीले पुनः नापीको कार्य सम्पन्न गरी जग्गाधनी श्रेस्ता र वितरण हुन बाँकी रहेका जग्गाधनी पूर्जा यस कार्यालयमा बुझाईसकेको हुनाले मिति २०८३।०६।१४ गतेबाट उक्त शितगंगा नगरपालिका वडा नं १२ साविक ठाडा ५ को जग्गा सम्बन्धी कुनै पनि कार्य गर्दा हाल–साविक (पूरानो श्रेस्ता पूर्जा खारेज र नयाँ श्रेस्ता पूर्जा कायम) गरी नयाँ जग्गाधनी श्रेस्ता र पूर्जाबाट गर्नुपर्ने भएको हुँदा जग्गा सम्बन्धी कुनै पनि कारोबार गर्न आउँदा देहायका बमोजिमका प्रमाण कागजातहरु लिई हालसाविक गर्न आउनुहुन सम्पूर्ण सरोकारवालाहरुका साथै सम्बन्धित जग्गाधनीहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

### *हालसाविक गर्न आउँदा ल्याउनुपर्ने प्रमाण कागजातहरु*

- भूमि प्रशासन कार्यालयबाट प्राप्त गरेको सक्कल जग्गाधनी प्रमाण पूर्जा,
- विशेष नापी कार्यालयबाट प्राप्त गरेको सक्कल जग्गाधनी प्रमाण पूर्जा,
- नेपाली नागरिकताको प्रमाणपत्र,
- मालपोत(तीरो) तिरेको रसिद,
- सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र,
- जग्गाधनी निवेदक स्वयम् उपस्थित हुनुपर्ने ।

२०८३।०५।३०
सुजन गौतम
भूमि प्रशासन अधिकृत
**भूमि प्रशासन अधिकृत**